# उद्योग वाणिज्य सन्देश

मासिक

CHAMBER OF COMMERCE & INDUSTRY - CHITWAN(NEWSLETTER)

वर्ष २९. अकं १३, असार/साउन २०८१ June/July 2024


## विश्वविद्यालय तथा कलेजका विद्यार्थीलाई उद्यमशिल बनाउन जोड




होटल दियालो क्षेत्रपुरको सभाहलमा २०८१ असार २० देखी २३ गते सम्म तिन दिने उद्यमशिलता विकासमा शैक्षिक संस्था र निजी क्षेत्रको भुमिका विषयक कार्यशाला शुरु भएको थियो। हाल अध्ययानरत विद्यार्थीहरूलाई कसरी स्वरोजगार बनाउन सकिन्छ र शैक्षिक प्रणालीमा के सुधार गरियो भने स्वरोजगार तिर आर्कषित हुन्छन् भन्ने विषयहरूको जानकारी लिन यस कार्यक्रमको आयोजना गरिएको थियो। मैयादेवी कन्या कलेज र उद्योग वाणिज्य संघ-चितवनको संयुक्त आयोजना तथा विश्वविद्यालय अनुदान आयोगको सहयोगमा भएको उद्यमशिलता विकासमा शैक्षिक संस्था र निजी क्षेत्रको भुमिका विषयक कार्यशालामा बोल्दै कार्यक्रमका प्रमुख अतिथि मैयादेवी कन्या कलेजका संरक्ष प्रेमकुमार श्रेष्ठले हातमा सर्टिफिकेट भएर मात्र व्यक्ती रोजगारीका लागि उपयुक्त नहुने भन्दै आवश्यकता अनुसारको शिक्षा र अनुभवको खाँचो रहेको बताउनुभयो। उहाँले निजी क्षेत्र र शैक्षिक संस्थाहरू मिलेर उद्यमशिलता विकाशका कार्यक्रमहरू अगाडी बढाउनु पर्ने बताउनुभएको थियो। बाँकी २ नं. पेजमा...

## राष्ट्रिय आविस्कार केन्द्रका संस्थापक महावीर पुनसँग छलफल




उद्योग वाणिज्य संघ-चितवनको सचिवलयमा २०८१ साउन ७ गते एक कार्यक्रमका विच राष्ट्रिय आविस्कार केन्द्रका संस्थापक महावीर पुन सँग राष्ट्रिय आविस्कर केन्द्र र कृषि उपकरणसम्वन्धी विषयमा छलफल भएको थियो। उक्त कार्यक्रममा कृषि मेशिनरी उत्पादन लागत र बाह्य बजारीकरणका विषयमा छलफल भएको थियो।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले राष्ट्रिय आविस्कार केन्द्रमा अनुसन्धान गरिरहनुभएकाहरूलाई त्यहाँबाट प्राप्त उपलब्धीहरूलाई व्यवसायमा ढाल्न आग्रह गर्नुभएको थियो। उहाँले राष्ट्रिय आविस्कार केन्द सञ्चालन गरेकोमा महावीर पुनलाई धन्यवाद ज्ञापन गर्दै सकरात्मका कार्यका लागि सहयोग गर्न उद्योग वाणिज्य संघ-चितवन सधै तयार रहेको बताउनुभएको थियो। उहाँले कृषि क्षेत्रको सम्भावना भएको नेपालमा कृषिजन्य औजार तथा उत्पादनमा केन्द्रित उक्त केन्द्रको प्रवर्द्धन गर्नमा राज्य स्तरबाट सहयोग नपाउनु दुःखद भएको बताउँदै निजी क्षेत्र सहकार्य गर्न तयार रहेको बताउनुभएको थियो। सोही कार्यक्रमको अवसरमा संघले महावीर पुनको जिवनीका १०० वटा पुस्तक खरिद गरी आविस्कार केन्द्रलाई सहयोग गरेको थियो।


(जि.प्र.का.द.नं. ५/०४९/०५०, चि.जि.हु.द.नं. ६/०४९/०५०

AN ISO 9001:015 CERTIFIED CHAMBER

प्रकाशक

उद्योग वाणिज्य संघ-चितवन, फोनः ०५६-५९६१०८, ५९६२०८, ५९६३०८

Url: www.ccichitwan.org.np, Email: info@ccichitwan.org.np

# क्षमता अविवृद्धि एवम् उद्घोषण कला तालिम सम्पन्न



उद्योग वाणिज्य संघ-चितवनले आफ्ना तालिम कक्षमा फलफुल तथा तरकारी थोक व्यवसायी संघ चितवनका पदाधिकारी कार्यसमितिको क्षमता अविविद्धि तथा उद्घोषण कलाको विकास गराउने उद्देश्यल २०८१ साउन १० र ११ गते गरी दुई दिने क्षमता अविवृद्धि एवम् उद्घोषण कला तालिम सम्पन्न गरेको थियो । क्षमता अविवृद्धि एवम् उद्घोषण कार्यक्रम उद्योग वाणिज्य संघ-चितवन र फलफुल व्यवसायी संघ चितवनको सयुक्त आयोजनामा भएको थियो ।

कार्यक्रमको वोल्दै उद्योग वाणिज्य संघ-चितवनको कार्यसमिति सदस्य एवम् तालिम संयोजक सुनिता लिगल कर्मचार्यले संघले उद्योगी व्यवसायीहरूले माग गरेको कार्यक्रमहरू गराउदै आएको र अन्य कुनै व्यवसायीलाई केही तालिम आवश्य परे संघ उपलब्ध गराउन सधै तयार रहेको बताउँदै तालिमको सफलताको शुभकामना दिनुभएको थियो ।

कार्यक्रममा फलफुल तथा तरकारी थोक व्यवसायी संघका अध्यक्ष जयराम पण्डेले तालिमका लागि सहयोग गरेकोमा उद्योग वाणिज्य संघ-चितवनलाई आभार व्यक्त गर्दै आगामी दिनमा पनि सहयोगको अपेक्षा व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा फलफुल तथा तरकारी थोक व्यवसायी संघका अध्यक्ष जयराम पण्डेले तालिमका लागि सहयोग गरेकोमा उद्योग वाणिज्य संघ-चितवनलाई आभार व्यक्त गर्दै आगामी दिनमा पनि सहयोगको अपेक्षा व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा वोल्दै उद्योग वाणिज्य संघ-चितवनका कार्यकारी निर्देशक निलबहादुर के.सीले प्रत्येक व्यक्तीमा फरक फरक क्षमता हुने तर पहिचान गर्न नसक्नाले सफलता प्राप्त हुन गाह्रो हुने हुनाले आफ्नो क्षमता पहिचान गर्नुपर्ने बताउनुभएको थियो । उहाँले अभिव्यक्ति विना मान्छे पूर्ण नहुने भन्दै अभिव्यक्त गर्ने क्षमताको विकास गर्न जोड दिनुभएको थियो ।

कार्यक्रमका प्रशिक्षार्थी एवम् फलफुल तथा तरकारी थोक व्यवसायी संघका महासचिव काशीराम सापकोटाले तालिम लाभदायक भएको तर समय छोटो भएको गुनासो गर्दै आगामी दिनमा पनि आवश्यक परे तालिम उपलब्ध गराईदिन उद्योग वाणिज्य संघ-चितवनलाई अनुरोध गर्नुभएको थियो । कार्यक्रममा पहिलो दिन मनोज पन्त पशिक्षक रहनुभएको थियो भने दोस्रो दिन करिष्मा थाप पन्त प्रशिक्षक रहनुभएको थियो ।

कार्यक्रममा फलफुल तथा तरकारी थोक व्यवसायी संघका निवर्तमान अध्यक्ष एवम् उवासंघ-चितवनका कार्यसमिति सदस्य मुकुन्द प्रसाद गौतम, फलफुल तथा तरकारी थोक व्यवसायी संघका सल्लाहकार बाबुराम घिमिरे लगाएत पदाधिकारी तथा कार्यसमितिको उपस्थिति रहेको थियो ।

उद्योग वाणिज्य संघ-चितवनको कार्यसमिति सदस्य एवम् तालिम संयोजक सुनिता लिगल कर्माचार्यको अध्यक्षतामा भएको उक्त तालिमको उद्घाटन एवम् समापन कार्यक्रम संघका कार्यक्रम अधिकृत गणेश सुवेदीले सञ्चालन गर्नुभएको थियो । कार्यक्रम साउन १० देखी शुरु भएर ११ गते समापन भएको उक्त तालिममा १५ जना प्रशिक्षार्थी रहनुभएको थियो ।

# कर तथा मूल्य अभिवृद्धि करसम्बन्धी अभिमुखिकरण कार्यक्रम

चितवनका उद्योगी व्यवसायीहरूको छाता संस्था उद्योग वाणिज्य संघ चितवनले आफ्ना उद्योगी व्यवसायीहरूलाई कर तथा मूल्य अभिवृद्धि करसम्बन्धी २ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न गरेको थियो ।। उद्योग वाणिज्य संघ-चितवनको आयोजना एवम् जिआइजेड नेपालको प्राविधिक सहयोगमा साउन १४ र १५ गते भरतपुर महानगरपालिका वडा नं २९ दासढुङ्गा स्थीत अशोका रिसोर्टमा कार्यक्रम भएको थियो । उद्योगी व्यवसायीहरूलाई कर तथा मूल्य अभिवृद्धि करका नीति तथा कार्यान्वयनका बारेमा जानकारी गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो ।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्दै उद्योग वाणिज्य संघ-चितवनका अध्यक्ष सुमनकुमार श्रेष्ठले कर विना राज्य सम्वृद्ध हुन नसक्ने बताउँदै उहाँले राज्यले करको दर घटाउँदै दायरा बढाउँदै लगानी मैत्री वातावरण सृजाना गर्नुपर्ने बताउनुभएको थियो । उहाँले करको न्युनतम जानकारी व्यवसायीहरूमा नहुँदा करसम्बद्ध झन्झटहरू जस्तै मिसम्याचमा पर्ने, ननफाईलर रहने, कर चुक्ता लिने, आय विवरण बुझाउने जस्ता विषयमा समस्याहरू भोगेको हुनाले ति समस्याहरू निराकरण गर्ने उद्देश्यका साथ कार्यक्रमको आयोजना गरिएको बताउनुभएको थियो ।

कार्यक्रमका आन्तरिक राजश्व कार्यालय भरतपुरका प्रमुख कर अधिकृत निरन भट्टराईले कर प्राणलीलाई पारदर्शी र सुशासन कायम गर्न कर्मचारी र सेवाग्राहीको भेट हुन नहुने बताउँदै उहाँले कर प्रणाली डे १ डे २ अनलाइन सिस्टमा गैसकेको र डे ३ पनि अनलाइन सिस्टममा जान लागेको बताउनुभएको थियो । उहाँले अहिले मु.अ. करको विलमा एच एस कोड राख्नु पर्ने बारेमा जानकारी गराउनुभएको थियो । उहाँले व्यवसायीहरूले आय व्यय वुझाउने क्रममा लेखा राख्दाका त्रुटि लगायतका कारणले करको भार बढी भएको बताउँदै एक महिना भित्र आय व्ययमा भएको त्रुटि सच्याउन मिल्ने बताउनुभएको थियो । उहाँले करमा बजारमा आएको समस्याका विषयलाई ध्यानमा राखेर सिकाउनु पर्ने बताउँदै कार्यक्रमको सफलताको शुभकामना व्यक्त गर्दै संघसँग सहकार्य गरी अगाडि बढ्ने बताउनुभएको थियो ।

